# सिरानचोक गाउँपालिकाको भैपरी योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड, २०७६

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

# सिरानचोक गाउँपालिका
# भैपरी योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६

गाउँपालिकाको क्षेत्र भित्र रहेका पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापन र आवश्यकता विशेष कार्यक्रमहरु संचालन गरी स्थानीय जनतालाई सेवा उपलब्ध गराउनको लागि भैपरी योजनामा खर्च गर्ने रकमलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकोले गाउँकार्यपालिकाको वैठकले सिरानचोक गाउँपालिकाको विनियोजन ऐन २०७६ को दफा ५ बमोजिम **"भैपरी योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६"** लाई स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम **"भैपरी योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६"** रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ

(च) "मापदण्ड" भन्नाले भैपरी योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड -२०७६ लाई सम्झनु पर्दछ ।

(छ) "क्रमागत आयोजना" भन्नाले विगतका आर्थिक वर्षदेखि सुरु भई सम्पन्न नभएको आयोजनालाई सम्झनु पर्दछ ।

३. **भैपरी योजनामा खर्च गर्ने रकम विनियोजन समिति सम्वन्धि व्यवस्था :**

३.१ गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र आवश्यकता विशेष कार्यक्रम गरी स्थानीय जनतालाई सेवा उपलब्ध गराउनको लागि पूर्वाधार योजनामा खर्च गर्ने रकमलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गन देहायको रकम विनियोजन समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) योजना शाखा प्रमुख | - सदस्य |
| घ) प्राविधिक शाखा प्रमुख | - सदस्य |
| ङ) लेखा शाखा प्रमुख | - सदस्य |
| च) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

३.२ संचालन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

३.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

३.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक अध्यक्षज्युको निर्देशनमा जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३.५ संचालन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा वैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

३.६ वैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

३.७ यस समितिको निर्णयलाई गाउँकार्यपालिकाको वैठकले अनुमोदन गर्नुपर्नेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

गजु गुरुङ

## परिच्छेद २

४. **समितिले योजनाको निर्णय गर्दा लिइने आधारहरु :**

क. समुदाय स्तरबाट माग भई वडापालिकाको वैठकले निर्णय गरी वडा कार्यालयको सिफारिस बमोजिम माग भई आएको योजना तथा कार्यक्रम ।

ख. विषयगत शाखा बाट प्रस्ताव र लगत अनुमान सहित पेश भएको कार्यक्रम र योजना,

ग. गाउँपालिकाले आवश्यक ठानेको कार्यक्रम तथा योजना,

घ. गाउँपालिका भित्र भईपरी आउने अन्य कार्यहरु,

## परिच्छेद-३

५. **समितिमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

५.१ समुदायले दफा ४ बमोजिम भैपरी योजनामा खर्च गर्ने बजेट आवश्यक पर्ने भए प्रत्येक आर्थिक वर्षको फागुन मसान्त भित्रमा उपदफा ५(२) बमोजिमको कागजात सहित यस गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

५.२ योजना मागगर्दा पेशगर्नुपर्ने आवश्यक कागजातहरु

क) वडा कार्यालयको सिफारिस

ख) वडा समितिको निर्णय वा सिफारिसको प्रतिलिपि

ग) स्थानीय समुदायको वडा कार्यालयमा पेश भएको निवेदको प्रतिलिपी ।

घ) सम्वन्धित योजनाको लागि प्राविधिक शाखाको लगत स्टिमेट ।

ङ) कार्यक्रमको हकमा खर्च सहितको कार्यक्रमको प्रस्ताव

६. **बाधा अडकाउ फुकाउने :**

यस मापदण्ड कार्यान्वयनको सम्वन्धमा प्रक्रिया सरलीकरण गर्ने र हेरफेर गर्ने जस्ता विषयमा गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

७. **प्रचलित कानुन बमोजिम हुने :**

यस मापदण्डमा उल्लेख भएका कुराहरु प्रचलित कानुन सँग वाझिएमा वाझिएको हद सम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष